# गढवा गाउँपालिका

गढवा देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# गाउँसभाको पन्ध्रौ अधिवेशन

आ.व. २०८१/०८२ को

# नीति तथा कार्यक्रम

२०८१ जेष्ठ २८ गते

# गढवा गाउँपालिकाको नीति तथा कार्यक्रम

गढवा गाउँपालिकाको तेह्रौं गाउँ सभाको

सम्मानित तथा गरिमामय सदनमा उपस्थीत गाउँपालिका उपाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु

गढवा गाउँपालिकाको यस पन्ध्रौ गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण महानुभावहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक परिवर्तन र संघीय लोकतान्त्रीक गणतन्त्रको प्राप्तिको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा बेपत्ता, घाईतेहरुलाई स्मरण गर्दै आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गढवा निर्माण गर्ने हाम्रो संकल्प, समस्त गढवावासीको विकास र समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा आदरणिय मतदाता सँग गरेका प्रतिवद्दताहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गढवा गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न हाम्रा नीति तथा कार्यक्रमहरु परिलक्षित हुने छन् ।

गढवा गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासी तथा भूमिहिन, मुक्त कमैया र अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावदध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

नेपालले जनसांख्यिक लाभ लिंदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ । आन्तरिक र वाह्य वसाइ सराइका कारण

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गढवा, लुम्बिनी प्रदेश

CamScanner

नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत बारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाइ आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले गढवाको आर्थिक कारोबारलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीयं आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सेवा प्रवाहलाई ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## अवसर तथा चुनौतीहरु

### अवसरहरुः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. गाउँपालिकाभित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
४. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
५. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुन सहज हुनु ।
६. पर्याप्त जडिबुटि तथा पर्यटनको प्रचुर संभावना हुनु ।
७. खेतियोग्य तथा उब्जनीयोग्य जमिन हुनु ।
८. पशु पालन यहाँका किशानको प्रमुख पेशा हुनु ।

### चुनौतीहरुः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँ कार्यपालिका ... गढवा, ... लुम्बिनी प्रदेश

6. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
7. प्राकृतिक स्रोत साधनको अबैध चोरी निकासी रोक्नु ।
8. विपद् व्यवस्थापन गर्नु ।
9. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
10. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा इइड विनागरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
11. भिरालो ठाउँ,बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
12. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
13. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम्उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
14. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
15. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थको मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
16. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग संम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गाउँ सभाका सदस्य ज्यूहरु,
अब म आगामी आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## १. शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम

**न्यूनतम सक्षमताः**

१. विध्यालयमा न्यूनतम आधारभुत अवश्यकताहरू (खानेपानि, शौचालय, डेक्सवेन्च, खेलकुद सामाग्री) को व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।

२. शैक्षिक संरचनाहरु निर्माणको क्रममा नै वालमैत्री, अपांगमैत्रि, लैङ्गिक मैत्री बनाउने नीति लिइने छ ।

३. गाउँपालिकाको क्षेत्र भित्रका बालबालिकाको संलग्नता हुने गरि बाल क्लवहरू गठन र संचालन गर्ने निति लिइने छ ।

४. शैक्षिक गुणस्तर सुधारका लागी अभिभावक शिक्षा तथा विध्यार्थि उत्प्रेरणा कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखि शैक्षिक गुणस्तरमा गुणात्मक सुधार गर्ने नीति लिइने छ ।

५. शिक्षण सिकाइलाइ प्रविधिमैत्री बनाउन प्रविधिको पहुँच नपुगेका सामुदायिक विद्यालयहरुमा ICT जडान तथा तालीम संचालन गर्ने नीति लिइने छ ।

६. विद्यालयहरु गर्ने दैनिक काम तथा शिक्षण सिकाई क्रियाकलापहरुको मूल्याङ्कनका लागी विध्यालयहरूको स्वमुल्यांकनलाई जोड दिइने छ ।

**शिक्षामा पहुचः**

१. . विद्यालय देखि घर सम्मको दुरी १ घण्टा भन्दा बढि भएका, भौगोलिक विकटताका कारण विद्यालय छोड्न सक्ने सम्भावना भएका, असाहय, फरक क्षमता भएका विद्यार्थीहरुका लागी आवासिय सुविधा उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।

२. सामुदायिक विद्यालयका विद्यार्थीहरुको पढाइ प्रति अभिरूची वढाउने तथा Drop out घटाउने नीति लिइने छ ।

३. शिक्षालाई व्यवहार सँग जोड्न जीवनोपयोगी सिप, स्थानिय शिक्षा पाठ्यक्रम तथा अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने नीति लिइने छ ।

**विध्यालय सुधार योजनाः**

१. हरेक वडामा अग्रणि विध्यालय छनौट गरी श्रोत विध्यालयको रूपमा विकास गिरने छ ।

२. धार्मिक विद्यालयहरुलाई संरक्षण गरिने छ ।

३. माध्यमिक तह तथा आधारभूत तह (६-८) मा बिषयगत शिक्षकको व्यवस्थापन तथा दरबन्दि मिलानलाई बैज्ञानिक बनाइने छ ।

४. विद्यालय शिक्षामा विद्यार्थी मैत्री तथा गर्दै सिक्दै गर्ने परम्पराको विकास गर्न प्रयोगात्मक शिक्षामा जोड दिइने छ ।

५. गाउँपालिका भित्रका विद्यालयका समस्या तिनको समाधान र अवसरको उपयोगका लागी विभिन्न प्राज्ञिक संस्थाहरू संग सहकार्य तथा साझेदारी गरिने छ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

६. शैक्षिक संस्थाहरुको नियमित अनुगमन तथा पृष्ठपोषण गर्न दक्ष जनशक्तिको आपुर्ति गरिने छ ।
७. सामुदायिक विद्यालयहरुमा अविभावकहरुको जिम्मेवारी र दायित्वलाई बढाउने नीति लिइनेछ ।
८. शैक्षिक सुधारका लागि विभिन्न सामाजिक संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।
९. सामुदायिक विद्यालयहरुमा विद्यर्थि संख्याको आधार विद्यालयलाई उपयुक्त व्यवस्था सहित एकिकृत गरिनेछ ।

## २. भाषा सस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. पालीका भित्रका विभिन्न भाषा, कला, संस्कृती, भेषभुषाको संरक्षण तथा संबर्दनमा जोड दिइने छ ।
२. परम्परागत रुपमा भाषा, कला, संस्कृति तथा भेषभुषाको खोज, अनुसन्धान गरिनेछ ।

## ३. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. युवालाइ दुर्व्यसनिवाट मुक्त गर्न पुनस्थापना केन्द्र स्थापनता गरि संचालन गरिने छ ।
२. वैदेशिक रोजगारवाट फर्केका युवाहरूको ज्ञान सिप सदुपयोग गर्दै स्वरोजगार र उध्मशिलताको विकासमा जोड दिइने छ ।
३. एक वडा एक व्यायमशालालाई प्राथमिकता दिई स्वस्थ नागरिक अभियान सञ्चालन गरिने छ ।
४. युवा उद्यमशिलता कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
५. गढवा गाउँपालिका भित्रका खेलकुद पुर्वाधार मर्मत सुधार तथा नयाँ खेलकुद स्थलको निर्माणलाई प्राथमिकता दिइने छ ।

## ४. लैङ्गिक समानता र सामाजिक समावेशिकरणः

१. लैङ्गिक विभेद अन्त्य, महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजातिको उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।
२. परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ ।
३. "जेष्ठ नागरिकको सम्मान, परम्परागत ज्ञान सीप र अनुभवको हंस्तान्तरण" भन्ने मूल नाराका साथ जेष्ठ नागरिक सम्मान, अनुभव आदान प्रदान तथा सहुलियतका कार्यक्रम संचालन गरिनेछ ।
४. सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता, पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिने छ ।
५. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैंगिक उत्तरदायी बजेट परीक्षण व्यवस्थापन गरिनेछ ।
६. बालकोष र लैंगिक हिंसा निवारण कोष स्थापना गरी संचालन गरिनेछ ।
७. सार्वजनिक कार्य तथा कार्यक्रमहरु अनिवार्य रुपमा लैङगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाइने छ ।

यज्ञ नारायण शर्मा पोखेल
अध्यक्ष,

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

८. लक्षित वर्गलाई सिपमूलक तथा आय आर्जनमा टेवा पुर्याई व्यवसायीक बन्न उधमशील कार्यक्रम सञ्चालन गरिनेछ ।
९. सबै प्रकारका हिंसा, विभेद, अन्धविश्वास, छुवाछुत तथा कुरिति र कुप्रथाको अन्त्य गर्न सचेतनामूलक कार्यक्रम, लक्षित वर्गको सुरक्षा तथा संरक्षणका लागी विभिन्न आवास, सेवा केन्द्र निर्माण तथा संचालनमा जोड दिइनेछ ।
१०. मानसिक पिडा भोगिरहेका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।
११. बालमैत्री तथा बालश्रम मुक्त पालिका बनाउन आवस्यक पूर्व शर्तहरु हासिलमा जोड दिइनेछ ।
१२. सामाजिक न्याय सम्बन्धी ऐनलाई कार्यान्वयन गरिनेछ ।
१३. सामाजिक न्याय कोष स्थापना गरिनेछ ।
१४. शहिद, बेपता परिवार तथा घाइते, अपाङ्गहरुलाई जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।
२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँचको प्रबन्ध मिलाइने छ।
३. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
४. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुलाई अस्पताल ल्याउन-लैजान निःशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
५. गाउँपालिकाक्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ ।
६. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
८. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।
९. मानसिक रोगबाट पिडित मनोपरामर्श तथा उपचारका लागि सहुलियतको व्यवस्था गरिनेछ ।
१०. स्वास्थ्य सेवामा उपचारात्मक, प्रबर्दनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा प्राथमिक स्याहार कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
११. मोतिविन्दु निःशुल्क उपचार, जटिल रोगको पहिचान र निदान, सिक्कलसेल न्यूनिकरण तथा स्क्रिनिङलाई प्राथमिकता दिइनेछ ।
१२. स्वास्थ्य संस्थाहरुमा आवस्यक स्वास्थ्य उपकरण तथा सर्पदंश उपचार कन्द्रमा मेडिकल अधिकृत तथा अन्य दक्ष जनशक्तिको व्यवस्था गरि सेवा विस्तार गरिनेछ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

१३. सर्पदंश उपचार केन्द्रको स्तरोन्नती गर्दै सर्पदंशका बिरामीहरुको उपचार सगँसगैं रेबिजबिरुद्धको उपचार सेवा थप गरिनेछ ।

१४. विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य बिमाको प्रबन्ध गरिनेछ ।

१५. महिला स्वास्थ्य स्वयंसेविका र आमा समुहलाई प्रोत्साहन गरि गाउँगाउँमा स्वास्थ्य सचेतना संवाहकको रुपमा क्रियासिल बनाउन आवस्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. सुत्केरी पोषण भत्ता निरन्तरता गरी होमडेलिभरीलाई शुन्यमा झार्ने नीति लिइनेछ ।

१७. घुम्ती मोबाइल क्लिनिक गाउँघर क्लिनक, घुम्ती शिविर, हल्थ डेस्कका माध्यमबाट स्वास्थ्यको पहुँच विस्तार गरिनेछ ।

१८. गोबरडिहा आयुर्वेद औषधालयको स्तरउन्नती गरि आयुर्वेद, होमियोप्याथी, योग, प्राकृतिक चिकित्सा प्रणाली, अक्यूपन्चर, अक्यूप्रेसर आदि उपचार पद्दतिमा जोड दिइनेछ ।

१९. कोईलाबासमा रहेको आँखा उपचार केन्द्रलाई व्यवस्थित गरिनेछ ।

२०. स्वास्थ्य सेवाको प्रभावकारीताको बनाउनको लागि गढवा स्वास्थ्य चौकीबाट इमरजेंन्सी सेवा संचालन गरिनेछ ।

२१. स्वास्थ्य सेवा पहुँच नपुगेको स्थानहरुमा सर्वसुलभ स्वास्थ्य उपलब्ध गराउन आवश्यक प्रबन्ध मिलाईनेछ ।

२२. स्वास्थ्य सेवा सुधारका घुम्ती मोबाईल क्लिनिक संचालनको लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरिनेछ ।

## ६. पञ्चिकरण तथा सामाजिक सुरक्षा

१. सामाजिक सुरक्षा सेवाग्राहीको सामाजिक सुरक्षा भत्ता eft प्रणालीबाट बैंकमार्फत उपलब्ध गराईनेछ ।

२. व्यक्तिगत घटना तथा सामाजिक सरक्षाबाट बञ्चित रहेका सेवाग्राही तथा सामाजिक सुरक्षा नविकरणको लागि सचेतना अभिबृद्धि गर्न प्रचार प्रसार तथा नविकरण सप्ताह संचालन गरिनेछ ।

३. व्यक्तिगत घटना तथा सामाजिक सरक्षालाई डिजिटलाईजेसन गर्न Biometric Verification तथा National ID मा आबद्ध गर्न आवश्यक प्रक्रिया मिलाईनेछ ।

## ७. उध्योग तथा रोजगार तथा पर्यटन

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. औद्योगिक ग्राम स्थापन गरिनेछ ।

३. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

४. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. सेरामिक्स उद्योगहरुलाई प्रविधिमैत्री बनाउदै गढवालाई सेरामिक्स उद्योगको हबको रुपमा विकास गर्ने ।

६. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ र ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन होमस्टेसंचालन गर्ने नीति लिईनेछ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

७. मुख्य स्थान चोक र गाउँपालिकाप्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिटल डिस्प्लेबोर्ड राखिनेछ।

८. नदि उकास जग्गालाई उपयोग गरि बृहत जलशय क्षेत्र निर्माण गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

९. कोईलाबाससलाई पालिकाको मुख्य पर्यटकीय गन्तव्यको रुपमा स्थापना गरिनेछ ।

१०. उद्योग र पर्यटनमा निजि क्षेत्रको सहभागितालाई प्राथमिकता दिइनेछ ।

११. पालिकामा स्थापना भएका विभिन्न घरेलु उद्योग तथा आम उद्योगहरुलाई संरक्षण गरिनेछ ।

## ८. कृषि तथा पशुपंक्षि

१. फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरि पर्याप्त पूर्वाधार सहित व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

३. गाउँपालिकाभित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।

४. दैनिक अपर्याप्त खानाका कारण हुने पिडा तथा समस्यालाई पूर्णरुपमा हटाउन खाध्य सुरक्षाको प्रत्याभूत गराइने छ ।

५. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसाबारी, बगरखेती, करार खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

६. कृषी सम्बन्धी वस्तुस्थिती र पालिकाबाट दिइने कृषी सम्बन्धी सेवा सुविधा, कृषि भूमि तथा किसमानको यथार्थ तथ्याङ्क संकलन गरी कृषी प्रोफाइल अध्यावधिक गरिनेछ ।

७. पालिकालाई कृषी जन्य उत्पादनमा आत्म निर्भर बनाउन प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

८. बाली बीमा तथा पशु विमा जस्ता जोखिम बहन गर्ने कार्यक्रममा कृषकलाई जोड्न पहल गरिनेछ ।

९. माटो परिक्षण मिनि ल्याब संचालन र माटो व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

१०. गरिव र विपन्न परिवारहरु आवद्द कृषी तथा पशु उधमहरुलाई वातावरण अनुकुल उत्पादन पद्दतिको अनुशरण तथा दिगो नाफामूलक उधमको रुपमा सुद्दढिकरण गरिनेछ ।

११. भूउपयोग नीति अनुरुप भूमिको बर्गिकरण गरी खेती योग्य जमिनमा गैर कृषीजन्य गतिविधि गर्न रोक लगाउने साथै कृषी योग्य भूमीलाई बाझो राख्न नपाउने र जमिन भाडामा लिइ खेती गर्ने किसानलाई करार खेती कार्यक्रमका लागी प्रोत्साहित गरिनेछ ।

१२. कृषी आधुनिकिकरण र उत्पादकत्व बृद्दि सँगसँगै विषादिजन्य पदार्थको अत्यधिक प्रयोगले मानब जीवनमा पार्ने असर र ती विषादि जन्य उत्पादनलाई विषादि मुक्त सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ साथै जैविक विषादी प्रयोगमा जोड दिइनेछ ।

१३. रासायनिक मलको सट्टा प्राङगारिक मलको उत्पादन तथा प्रयोगमा प्रोत्साहित गरिनेछ ।

१४. उत्पादनमा प्रोत्साहन, उत्कृष्ट कृषकलाई सम्मान भन्ने नारालाई आत्मसात गरी यस वर्ष कृषी क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइने छ ।

१५. पशुपालन व्यवसायलाई व्यवसायिक, आधुनिक, र प्रतिस्पर्धात्मक बजारमुखी बनाइने छ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner

१६. कृषी तथा पशु सेवालाई दैनिक वा तालिमिकरण गरी हरेक वडामा विस्तार गरिनेछ ।

१७. व्यवस्थित सेवा केन्द्र स्थापनाका लागी आवस्यक उपकरणको व्यवस्थापन गरिनेछ ।

१८. स्थानीय कुखुरा, हाँस, बट्टाई तथा कालिज पालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

१९. पशु विकासका लागी पालिकाले प्रदान गर्ने अनुदानलाई व्यवस्थित, अनुमानयोग्य र लाभग्राही लक्षित गरिनेछ ।

२०. कृषि तथा पशु व्यवसायको बजारीकरण व्यवस्थित गरिनेछ । त्यसका लागि कृषि उपज संकलन तथा बिक्री केन्द्रसहितको कृषि हाट बजार संचालन गरिनेछ ।

२१. माटो सुहाउदो विशेष एक वडा एक कृषि बाली को नीति लिई कृषि प्रणालीमा सुधार गरिनेछ ।

२२. कृषि तथा पशुपालनको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।

२३.बाख्रापालन पकेट क्षेत्र स्थापना गरि व्यवसायीकरणमा जोड दिइनेछ ।

## ९. सहकारी

१. सहकारी संस्याहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विंउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिकाभित्र स्थापना हुने सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमवाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रुपमा कार्यान्वयन गरिनेछ।

६. सहकारी सिद्दान्त अनुरुप अन्तर सहकारी समन्वय, सहकार्य, अध्ययन अवलोकनका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## १०. सुचना तथा संचार

१. स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन वाट जनचेतनामुलक जिंगल, सुचनामुलक सन्देश विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरूलाइ प्राथमिकता दिइने छ ।

२. नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै सूचनामैत्री गाउपालीका वनाइने छ ।

३. सूचनामा आम नागरिकहरुको पहँच कायम गर्न नागरिक सूचना कार्यक्रम अगाडी बढाइनेछ ।

## ११. न्याय कानून तथा मानव अधिकार

१. स्थानीय तहका लागी आवश्यक स्थानीय कानूनहरूको निर्माण गरि स्थानीय कानून संग्रह प्रकाशन गरिने छ ।

२. न्यायीक समितिका पदधिकारी र कर्मचारीका लागी विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू गरिने छ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

३. न्यायीक समितिवाट छिटो छरितो न्याय सम्पादन गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्धन गर्दै विविध कार्यक्रमहरू संचालन गरीने छ ।

५. सबै गढवावासी नागरिकको न्यायमा पहुँच स्थापित गर्दै मानव अधिकारको प्रत्याभूति गराइनेछ ।

६. न्याय सम्पादनको सम्पूर्ण कार्यलाइ डिजिटल जस्टिस सिष्टममा ल्याइने छ ।

**१२. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकासः**

१. गाउँपालिकाभित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) अध्यावधिक गरिनेछ ।

२. गाउँपालिकाभित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्वोधन गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली व्यवस्थित गरिनेछ ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

५. पालिका भित्र हुने आपराधिक गतिविधी, चेतनास्तरका कारण हुने घटना, विभिन्न हिंसा, कुप्रथा आदिको न्यूनिकरण, निराकरण तथा निर्मूलिकरण गर्न स्थानीय प्रहरीको साझेदारीमा आमा समूह, महिला स्वास्थ्य स्वयम् सेविका, यूवा क्लव, बाल क्लव, स्थानीय पुरोहित आदि विभिन्न समुहको परिचालन गरिनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

७. गाउँपालिकाको काम कारवाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन मोबाइल एप्स निर्माण गरि वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गरिनेछ ।

८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि.सि.टि.भि. क्यामेरा जडान गरिनेछ ।

९. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

१०. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११. गाउँपालिकाभित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति निर्माण गरि प्रयोगलाई निरन्तरता दिइने छ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य गरिनेछ ।

१५. राष्ट्रिय भूमि आयोगको कार्यक्रम भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी कार्यक्रम निरन्तरता दिइनेछ ।

१६. पालिकाको समग्र क्षेत्रको तथ्याङ्क संकलन गरि अभिलेख तयार गरिनेछ र त्यसको डिजिटल प्रोफाइल तयार गरिनेछ ।

## १३. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धनको व्यवस्था मिलाइनेछ।

२. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. टोल विकास संस्था, सामुदायिक वन, खानेपानी तथा सरसफाई उपभोता समिति र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

६. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

७. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण गर्ने नीति लिईनेछ ।

८. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययनलाई निरन्तरता दिइनेछ।

९. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र क्षमतामा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

१०. स्वच्छ गढवा गाउँपालिका स्वस्थ गढवाबासी भन्ने मुल नाराका साथ सरसफाई तथा स्वच्छता सम्वन्धी अभियान संचालन गरिनेछ ।

११. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि तथा खहरे खोला नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

१२. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

१३. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१४. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

१५. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

१६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

१८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन भए अनुसार विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।

१९. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

२०. वनको संरक्षण गर्दै त्यसको सही सदुपयोगको नीति ल्याईनेछ र वनक्षेत्रलाई जिविकोपार्जनसँग जोडी सामुदायिक बनसँग साझेदारी गरिनेछ ।

## १४. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

१. वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिकाको सडक गुरुयोजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

४. आवासको हकलाइ सुनिश्चत गर्न अति विपन्न, असहाय, अशक्त नागरिकहरुको सुरक्षित आवास योजना कार्यान्वयनलाई निरन्तरता दिइने छ ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

८. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्वन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ ।

१०. गाउँपालिकाभित्र भु-उपयोग नीति लागु गर्दै गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

११. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।
१२. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गर्नका लागि मर्मत संभार कोषको स्थापना गरिनेछ ।
१३. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिकासीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।
१४. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचनाको लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी औचित्यका आधारमा५ कार्यान्वयन गरिनेछ ।
१५. प्रभावकारी सम्पति व्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली तयार गरी लागु गरिनेछ ।
१६. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।
१७. गढवा गाउँपालिकाको ऐतिहासिक पहिचाँन स्थापना गर्न स्थानीय सडकहरुको नामाकरण गरिनेछ ।

## १५. राजस्व तथा आन्तरिक श्रोत परिचालन

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।
२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।
३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।
४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।
५. वडा कार्यालयहरुसँग समन्वय गरी घरबहाल करको सुरुवात गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।
६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित वजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ ।
७. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी विक्री गर्ने विधिलाई निरन्तरता दिइने छ ।
८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।
९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।
१०. अव्यवस्थित वसोवासीहरुलाई लंगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ । घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

११. करदाताको कर लगतलाइ व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

१२. नदिजन्य पदार्थको अबैध चोरी निकासी र दोहन रोक्न छिमेकी पालिकासंग समन्वय गरिने छ ।

अन्त्यमा आज यस गरिमामय गाउँसभामा पेश भएको आगामी आ.व. २०८१/०८२ का लागि नीति तथा कार्यक्रम सन्दर्भमा आवश्यक छलफल तथा निर्णयको लागि प्रस्तावको रूपमा आउदो बैठकमा पेश गर्ने जानकारी गराउदै आजको गढवा गाउँपालिकाको गाउँसभाको १५ औ अधिवेशनको पहिलो बैठकमा सक्रियपूर्वक सहभागी हुनुहुने उपस्थित सम्पूर्ण सभासदस्य ज्यू हरूलाई हार्दिक धन्यबाद प्रकट गर्न चाहान्छु । साथै नीति तथा कार्यक्रम निर्माणको विभिन्न चरणमा खटिनुहुने सम्पूर्ण कर्मचारीहरूलाई धन्याबाद प्रकट गर्न चाहान्छु ।

साथै गाउँसभाको १५ औ अधिबेशनको नियमित दोस्रो बैठक मिति २०८१ साल जेष्ठ महिनाको ३२ गतेका दिन विहान ११ बजे देखि संचालन हुने जानकारी गराउदै आजको बैठक यही समाप्त भएको जानकारी गराउन चाहान्छु ।

धन्यावाद !

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner